# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा कैलास विकास बैंक लिमिटेडको एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले जेठ १७ गते पोखरामा आयोजित एक कार्यक्रमबीच कैलास विकास बैंक लिमिटेड, मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड मर्जर भई बनेको कैलाश विकास बैंक लिमिटेडको एकिकृत कारोबारको शुभारम्भ गर्नुभयो ।



उक्त कार्यक्रममा समुद्घाटन मन्तव्य राख्नुहुँदै गभर्नर डा. नेपालले अझैपनि बहुसंख्यक नेपाली वित्तीय पहुँचबाट पर रहेका कारण वित्तीय साक्षरताका लागि बैंक तथा वित्तीय संस्थालाई गाउँ गाउँमा पुग्न आग्रह गर्नुभयो ।

सोही क्रममा उहाँले गत वर्ष वैशाखको भूकम्प पश्चात् मुलुकभरका बैंक तथा वित्तीय संस्थामा निक्षेप बढेको तथ्य उल्लेख गर्नुहुँदै बैंक तथा वित्तीय संस्थाको महत्व नबुझेका सर्वसाधारणलाई महत्व बुझाई बैंक तथा वित्तीय संस्थाले बैंकमा खाता खोल्ने अभियान चलाउनु पर्ने धारणा व्यक्त गर्नुभयो । वचत र कर्जाको महत्व बुझेपछि मात्रै सर्वसाधारणले बैंकसँग कारोवार गर्ने विचार व्यक्त गर्नुभयो ।

बैंक तथा वित्तीय संस्थाको विस्तारले व्यवसाय, उद्योगका लागि वित्तीय श्रोत उपलब्ध हुने र देशभित्र उद्यमशिलताको विकास भई देशनै समृद्धिको वाटोमा लाग्ने धारणा व्यक्त गर्नुभयो । विकसित मुलुकमा भन्दा हाम्रो जस्तो विकासोन्मुख मुलुकमै प्रशस्त अवसरहरु भएकोले बैंकको सहकार्यमा व्यवसाय शुरु गर्न उहाँले आग्रह गर्नुभयो ।

नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्रको स्थायित्व र सवलिकरणका लागि पूँजी वृद्धिको नीति ल्याएको उल्लेख गर्नुहुँदै उहाँले यसमा बैंक तथा वित्तीय संस्थाबाट तोकिएको समयमा पूँजी पुऱ्याउने कार्यमा लागि परेकोमा सराहना व्यक्त गर्नुभयो । संस्था ठूलो भइसकेपछि नयाँ नयाँ क्षेत्रमा लगानी विस्तार गर्न पनि उहाँले आग्रह गर्नुभयो ।

अन्तमा गभर्नर डा. नेपालले आगामी दिनमा बैंकको सफलताका लागि कामना गर्नुहुँदै सो क्षेत्रको आर्थिक विकासमा बैंकले थप योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो । कैलास विकास बैंकद्वारा आयोजित उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका निर्देशकहरु, विभिन्न बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र, सर्वसाधारण र पत्रकारहरु लगायतको उपस्थिति रहेको थियो ।

**२०७३ जेठ १७, सोमबार** — **गभर्नरको कार्यालय**